नेपालस्थित अस्ट्रेलिया, क्यानाडा, डेनमार्क, जर्मनी, नर्वे, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, तथा युरोपियन युनियनका तर्फबाट फ्रान्सको राजदूतावासहरूद्वारा संयुक्त रूपमा जारी विज्ञप्ति

## तिब्बतीहरूको थुनासम्बन्धमा

"नेपाल सरकारद्वारा नेपालमा रहेका तिब्बती समुदायका तीन सदस्यहरू काल्साङ चुङ, नवाङ साङ्मो, र तासी डोल्मालाई हालै बिना कुनै अभियोग थुनामा राखिएको सम्बन्धमा हामी गहिरो चासो व्यक्त गर्न चाहन्छौं । हामीलाई थाहा भएअनुसार ती तीनैजना कुनै पनि हिंसात्मक कार्यमा सहभागी थिएनन् । काल्साङ चुङ त कुनै प्रदर्शनमा सहभागी भएको पनि जानकारीमा छैन । हामी उनीहरूको तत्काल रिहाईको माग गर्दछौं ।

त्यसैगरी शान्तिपूर्ण प्रदर्शनकारीहरूमाथि प्रहरीद्वारा पक्राउका क्रममा हुनेगरेको कठोर व्यवहारका सम्बन्धमा पनि हाम्रो चासो रहेको छ । हामी नेपालको राष्ट्रिय सुरक्षाको विषयप्रति तथा कूटनैतिक निकायका परिसरहरूको सुरक्षाको महत्वप्रति सचेत छौं र यसको सम्मान पनि गर्दछौं । तैपनि हामी शान्तिपूर्ण प्रदर्शनगरिरहेकाहरूप्रति मानवीय व्यवहार गरियोस् भन्ने आग्रह गर्दछौं ।

सार्वजनिक सुरक्षा ऐनअन्तर्गत निवारक थुनामा राख्ने कार्य हुनुले नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (International Covenant on Civil and Political Rights) अन्तर्गत स्वेच्छाचारी थुना नगर्ने नेपालको प्रतिबद्धताको सम्बन्धमा पनि प्रश्न उठाएको छ ।

शरणार्थीहरूप्रति उदारतापूर्ण आतिथ्यको आफ्नो परम्परामाथि नेपाल गौरव गर्दछ । हामी यो परम्परालाई निरन्तरता दिन र मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्डप्रति समर्पित रहँदै लोकतन्त्रतर्फको यात्रामा अग्रसर रहन नेपालसमक्ष आग्रह गर्दछौं ।"

###